बुढीगंगा नगरपालिका
Budhiganga Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
कुल्देवमाण्डौं, बाजुरा
Kuldevmandu, Bajura
सुदुरपश्चिमप्रदेश, नेपाल
Sudurpaschim Province, Nepal
9858422845 - नगर प्रमुख(Mayor)
9858490695 - प्र.प्र.अ. (CAO)
www.budhigangamunbajura.gov.np
ito.budhigangamun7@gmail.com

## कर्मचारी आवश्यकता सम्बन्धि सूचना

**प्रथम पटम प्रकाशित मितिः २०७८/०७/०७**

संयुक्त राष्ट्रसंघिय जनसंख्या कोष (UNFPA) र आईपास नेपालसँगको सम्झौतामा मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र (CMC) नेपाल लगायत अन्य सस्थाहरुको साझेदारी र बुढीगंगा नगरपालिकासँगको सहकार्यमा **"लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य परियोजना** "संचालनका लागी परियोजना साझेदार सस्थाहरु र यस बुढीगंगा नगरपालिका बाजुरा विच भएको सम्झौता बमोजिम यस नगरपालिकाका वडाहरुमा उक्त कार्यक्रम संचालन हुने भएको हुदा यस नगरपालिका अन्तरगत रही कार्य गर्ने गरी निम्न पदहरुमा करार सेवामा पद पुर्ती गर्नु पर्ने भएकाले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिएको छ ।

### १.सामुदायीक मनोसामाजिक संयोजक -१ जना (महिला) विज्ञापन नं.०१/२०७८/०७९

**न्युनतम योग्यताः**

शैक्षिक योग्यताःस्नातक तह उत्तिर्ण गरी कम्तिमा छ महिने मनोपरामर्शको तालिम लिएको वा प्रविणता प्रमाणपत्र तह पास गरि मानसिक स्वास्थ्य वा मनोसामाजिक सहयोगको क्षत्रमा ३ बर्षको कार्यानुभव भएको ।

उमेरः२० बर्ष पुरा भई ४० बर्ष ननाघेको ।

**अनुभव तथा वान्छनीय योग्यताः**

१.सामुदायिक मनोसामाजीक कार्यकर्ताहरुको सुपरिवेक्षण तथा समन्वयको कामको अनुभव भएको ।
२.लैङ्गिक हिंसा र प्रतिकार्यको क्षेत्रमा काम गरेको अनुभव भएको ।
३.प्रभावित व्यक्तिहरुका लागी मनोपरामर्श सेवामा काम गरेको अनुभव भएकालाई विशेष ग्राह्यता दिइनेछ ।
४.मनोसामाजिक क्रियाकलापको प्रतिवेदन लेखन तथा घटना अभिलेखको अनुभव भएको ।
५. मनोसामाजिक समस्या भएका केशहरुको प्रेषण तथा अनुगमनको अनुभव भएको ।
६.टिमसंग मिलेर काम गर्न सक्ने,विभिन्न वडामा कार्यरत मनोसामाजिक कार्यक्रताहरुसंग संयोजन गर्नसक्ने ।
७.अन्तरवैयक्तिक संचार तथा नेतृत्व सीप भएको ।
८.पालिकाका निर्वाचित जनप्रतिनिधिहरु,कर्मचारीहरु लगायत अन्य सरोकारवाल संघसंस्थाहरुसँग समन्वय गरी काम काज गर्न संक्ने क्षमता भएको ।
९.स्थानीय तथा राष्ट्रिय स्तरमा लैङ्गिक हिंसा सम्बन्धि जानकार तथा यस्ता हिंसाबाट प्रभावितको मनोसामाजिक सहयोगको आवश्यकता तथा सहयोगको प्रकृया बारे राम्रो जानकारी भएको ।
१०. इमेल ,इन्टरनेट MS Word,MSExcell तथा Power Point मा जानकार तथा प्रयोग गर्ने सिप भएको ।



०६/०६
नि.प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

बुढीगंगा नगरपालिका
Budhiganga Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
कुल्देवमाण्डौ, बाजुरा
Kuldevmandu, Bajura
सुदुरपश्चिमप्रदेश, नेपाल
Sudurpaschim Province, Nepal
9858422845 - नगर प्रमुख(Mayor)
9858490695 - प्र.प्र.अ. (CAO)
www.budhigangamunbajura.gov.np
ito.budhigangamun7@gmail.com

११.दलित,जनजाती,मधेशी,अल्पसंख्यक तथा सीमान्कृत एवं बुढीगंगा नगरपालिकाका स्थानीयलाई विशेष ग्राह्यता दिइने छ ।

**२.सामुदायीक मनोसामाजिक कार्यकर्ताः ४ जना (महिला) विज्ञापन नं.०२/२०७८/०७९**

न्युनतम योग्यताः एसईई वा सो सरह उत्तिर्ण गरेको ।
उमेरः२० बर्ष पुरा भइ ४० बर्ष ननाघेको ।

**अनुभव तथा वान्छनीय योग्यताः**

१. कक्षा १२ उत्तिर्ण गरेकालाई विशेष प्राथमिकता दिइनेछ ।
२. समुदायमा मनोसामाजिक कार्यकर्ता वा सामाजिक कार्यकताको रुपमा गरि अनुभव प्राप्त गरेकालाई प्राथमिकता दिइने छ ।
३.समुदायमा निहित लैङ्गिक हिंसा न्युनिकरण तथा रोकथाममा काम गर्न रुचि राख्ने ।
४.आफुले गरेको कामको प्रतिवेदन बनाउने अनुभव भएको ।
५.दिएको उत्तरदायीत्व राम्रोसंग वहन गर्न कटिबद्द रहने ।
६.स्पष्ट रुपले संचार गर्न सक्ने र आवश्कता अनुसार गोपनियता कायम गर्न सक्ने क्षमता भएको ।
७.प्रतिस्पर्धा एवं अप्ठेरो परिस्थितिमा सहयोग गर्न रुची राख्ने ।
८.स्थानीय स्तरमा क्लव ,महिला समूह, आमा समुह ,महिला स्वास्थ्य स्वयंमसेविका ,अपाङ्गताको क्षत्रमा काम गर्ने संस्था स्वास्थ्य संस्था तथा वडामा स्थानीय सरकार तथा अन्य गैर सरकारी संस्थाबाट सञ्चालन भएका अन्य कार्यक्रमसँग समन्वय गर्न सक्ने ।
९.उत्सुक एवं नयाँ विषयबस्तु सिक्न इच्छा भएकालाई विशेष प्राथमिकता दिइने छ ।
१०.दलित, जनजाती ,मधेशी अल्पसंख्यक तथा सीमान्तकृत समुदायका उम्मेदवारलाई विशेष ग्राहायता दिइनेछ ।

नि.प्रमुख प्रशासकिय अधिकृत



Scanned with CamScanner

9858422845 - नगर प्रमुख(Mayor)
9858490695 - प्र.प्र.अ. (CAO)
www.budhigangamunbajura.gov.np
ito.budhigangamun7@gmail.com
सुदुरपश्चिमप्रदेश, नेपाल
Sudurpaschim Province, Nepal

**कामको मुख्य जिम्मेवारीः**

१.लैङ्गिक हिंसा प्रभावित व्यक्तिहरुलाई एकद्वार संकट व्यवस्थापन केन्द्र मार्फत स्वास्थ्य उपाचार कानुनी सहयोग सुरक्षित आवास मनोपरामर्श सेवा लगायत अन्य आवश्यक सेवा प्रदान गर्ने काममा सम्बन्धित निकायहरुसंग आबश्यक समन्वय गरी सहयोग गर्ने ।

२.लैङ्गिक हिंसाको कारणले मनोसामाजिक समस्या भएका व्यक्ति तथा परिवारका सदस्यलाई एकद्वार संकट व्यवस्थापन केन्द्र तथा आबश्यकता अनुसार समुदायस्तरमा नै गएर मनोपरामर्श सेवा उपलब्ध गराउने ।

३.सी.एम.सी.नेपालले संचालन गर्ने तालिम तथा मनोसामाजिक विज्ञद्वारा जिल्लामा गरिने सुपरिभिजन कार्यक्रममा अनिवार्य सहभागी भई मनोसामाजिक सहयोग तथा मनोपरामर्शको बारेमा ज्ञान सिप सिकी लैङ्गिक हिंसा पिडित तथा प्रभावितहरुमा देखा पर्न सक्ने मनोसामाजिक समस्याहरुमा प्रभावकारी मनोपरामर्श सेवा दिने ।

४.लैङ्गिक हिंसाबाट पिडितमा देखिएको मनोसामाजिक तथा मानसिक समस्या एकद्वार संकट व्यवस्थापन केन्द्रबाट मात्रै सम्भव नभएमा जिल्ला अस्पतालमा उपलब्ध हुने मानसिक रोग विशेषज्ञको सेवाको लागी पिडित तथा प्रभावित व्यक्तिहरुलाई सम्प्रेसण गर्ने ।

५.पहिचान गरिएको केशको बिस्तृत मनोसामाजिक आयामहरु समेटी पूर्ण केश विश्लेषण तयार गर्ने र विस्तृत केश फाइल बनाएर उक्त अभिलेख एकद्वार संकट व्यवस्थापन केन्द्रमा सुरक्षित ढंगले राख्ने यस्तो केन्द्रबाट उपलब्ध गराएको सबै खालको सेवा र मनोपरामर्श सेवाको विवरण नियमित हिसावले सी.एम.सी.नेपाल र यु.एन.एफ.पि.ए.को अन्य साझेदार संस्थालाई आवश्यकता अनुसार उपलब्ध गराउने।

योग्यता पुगेका इच्छुक उम्मेदवारले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र (अन्तिम दिन विदा परेमा त्यसको भोलिपल्ट )कार्यालय समय भित्र यस नगरपालिकाको नाममा रहेको सिध्दार्थ बैंक बुढीगंगा शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ०३११५२६३४३९ मा संयोजक पदका लागी रु.१०००/- र अन्य पदका लागी रु.५००/-जम्मा गरेको सक्कलै बैंक भौचर उपर्युक्त कागजात तथा व्यक्तिगत विवरण (बायोडाटा) सहित निवेदन निम्न ठेगानामा बुझाउन यो सूचना जारी गरिएको छ ।

06/06

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

बुढीगंगा नगरपालिका
Budhiganga Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
कुल्देवमाण्डौं, बाजुरा
Kuldevmandu, Bajura
9858422845 - नगर प्रमुख(Mayor)
9858490695 - प्र.प्र.अ. (CAO)
www.budhigangamunbajura.gov.np
ito.budhigangamun7@gmail.com
सुदुरपश्चिमप्रदेश, नेपाल
Sudurpaschim Province, Nepal

**सबै पदका लागि पेशगर्नुपर्ने आवश्यक प्रमाणपत्रहरुः**

१.नेपाली नागरिकताको प्रतिलिपि १ थान ।

२.न्युनतम शैक्षिक योग्यताको प्रतिलिपि १ थान ।

३.वाञ्छनीय योग्यता तथा अनुभवका प्रतिलिपिहरु १/१ थान ।

**दरखास्त** बुढीगंगा नगरपालिकाको प्रशासन उपशाखामा दर्ता गराउनु पर्नेछ ।

**पारिश्रमिकः** संस्थाको नियमानुसार ।

**परीक्षाः** बुढीगंगा नगरपालिकाको करार कर्मचारी छनौट कार्यविधि बमोजिम हुनेछ ।

**परिक्षाको किसिमः** सुचिकरण, लिखित र अन्तवार्ता ।

**पाठ्यक्रम (Syllabus) (मनोसामाजिक संयोजक):**

१. लैङ्गिक हिंसाको परिचय, कानुनि व्यवस्था, न्यूनिकरण उपायहरु ।

२. सुपरिवेक्षण अनुगमन ।

३. मनोसामाजिक परामर्श, सहयोगको आवश्यकता तथा सहयोगको प्रक्रिया

४. अन्तरव्यक्ति सञ्चार र नेतृत्व सीप

५. इमेल, इन्टरनेट तथा कम्प्यूटर सम्वन्धी आधारभुत जानकारी ।

**पाठ्यक्रम (Syllabus) (मनोसामाजिक कार्यकर्ता ):**

१. सामुदायमा विद्‌दमान लैङ्गीक हिंसा, लैङ्गीक हिंसाका कारणहरु, न्यूनिकरणका सम्भाव्य उपायहरु ।

२. स्थानिय स्तर तथा विभिन्न क्षेत्र संग समन्वय, आवश्यकता र महत्व ।

३. मनोसामाजिक समस्या परामर्श, परिचय, सहयोगको प्रक्रिया ।

४. नेपालको संविधान (मौलिक हक) ।

५. प्रतिवेदन लेखन संबन्धि ज्ञान ।

06/06

.................................

**कल्पना कुमारी ठकुल्ला**

**नि. प्रमुख प्रशासकिय अधिकृत**

नि.प्रमुख प्रशासकिय अधिकृत

**नोटः थप जानकारीका लागी बुढीगंगा नगरपालिकाको वेवसाइटमा हेर्न सकिनेछ ।**



Scanned with CamScanner